नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. : ५२४९९०

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

मिति: २०७८।०२।३१

कञ्चनपुर जिल्लामा नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन जिल्ला कोभिड व्यवस्थापन समितिको मिति २०७८।०२।३१गते बसेको बैठकको निर्णयको आधारमा कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ को उपदफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ को अधिकार प्रयोग गरी मिति २०७८।०२।३१ गते राती १२:०० बजे देखि मिति २०७८।०३।०७ गते राती १२:०० बजे सम्म यस जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गरिएको छ।

१. अत्यावश्यक वस्तु तथा सेवा खरिद बिक्री एवं सेवा लिनु दिनु बाहेक कुनै पनि व्यक्ति सार्वजनिक स्थानमा हिडडुल नगर्ने।

२. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वमिङपूल, सपिङमल, मनोरञ्जनस्थल, सैलून, ब्यूटी पार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि सञ्चालन गर्न नपाइने।

३. स्वास्थ्य सेवा, दुध डेरी, पेट्रोलियम पदार्थ लगायत अत्यावश्यक पसल व्यवसाय बाहेक अन्य पसल/व्यवसाय सञ्चालन नहुने तर खाद्यवस्तु, कृषि बीउ बिजन तथा सामग्री, वर्कसप, निर्माण सामग्री पसल/व्यवसाय आइतबार, सोमबार, बुधबार र शुक्रवार बिहान ६:०० बजे देखि ११:०० बजे सम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी सञ्चालन गर्न सकिने।

४. तरकारी तथा फलफूलको हकमा सम्बन्धित स्थानीय तह र उद्योग वाणिज्य संघको समन्वयमा हरेक आइतबार, सोमबार, बुधबार र शुक्रवार बिहान ६:०० बजे देखि ११:०० बजे सम्म जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्ने गरी सञ्चालन गर्न सकिने।

५. निर्माण सामग्री तथा मालसामान ढुवानी, एम्बुलेन्स, दमकल, शववाहन, सरसफाई तथा अनुमति प्राप्त साधन बाहेक अन्य सबै सार्वजनिक एवं निजी सवारी साधन सञ्चालन गर्न नपाईने।

६. उद्योग , निर्माण तथा कृषि कार्य जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरि सञ्चालन गर्न सकिने।

७. अत्यावश्यक बाहेक अन्य सार्वजनिक सेवा एवं शैक्षिक संस्थाहरुमा भौतिक उपस्थितिमा पठनपाठन तथा परिक्षा सञ्चालन हाललाई स्थगन गर्ने। सेवा प्रवाह गर्ने कार्यालयले कार्यालयको आन्तरिक व्यवस्थापन गर्ने।

८. बैंक तथा वित्तीय संस्थाहरु आइतबार, सोमबार, बुधबार र शुक्रवार बिहान १०:०० बजे देखि दिउंसो ३:०० बजेसम्म मास्क, स्यानिटाइजरको प्रयोग तथा सामाजिक दुरी कायम गर्ने लगायत जनस्वास्थ्य सुरक्षा मापदण्डको पालना गरि सञ्चालन हुने। राजश्व तथा सरकारी कारोबार, ATM तथा विद्युतीय सेवा बैंक तथा वित्तीय संस्थाको नियमानुसार सञ्चालन गर्न सकिने।

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

९. सरकारी कार्यालयका कर्मचारी, बैंक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवतजावत गर्न सकिने ।

१०. संचारकर्मीको हकमा पत्रकार महासंघको सिफारिसमा यस कार्यालयबाट साविकमा उपलब्ध गराइएको पास वा सूचना तथा प्रसारण विभागबाट जारी भएको पत्रकार परिचयपत्रको आधारमा आवतजावत गर्न सकिने ।

११. विवाह तथा व्रतबन्धको हकमा बढीमा १० जनासम्म सहभागी भई जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना हुने गरी सम्बन्धित "क" वर्गको ईलाका प्रहरी कार्यालयबाट अनुमति तथा पास जारी गर्ने । विवाह तथा व्रतबन्धको लागि होटेल तथा पार्टी प्यालेस प्रयोग गर्न नपाईने ।

१२. अत्यावश्यक अवस्थामा नेपाल प्रवेश गर्न चाहने व्यक्तिहरु नेपाल सरकारद्वारा तोकिएको गड्डाचौकी र गौरीफन्टा नाकाबाट निर्धारित मापदण्ड पुरा गरी आवागमन गर्न सकिने । अन्य खुला सीमानाको जुनसुकै विन्दुबाट आवागमन नगर्ने । नेपाल प्रवेश गर्ने कञ्चनपुर जिल्लाको नागरिकको हकमा सम्बन्धित स्थानीय तहको समन्वयमा क्वारेन्टिन/आइसोलेसनमा बस्नु पर्ने तथा कञ्चनपुर जिल्ला बाहिरका नागरिकको हकमा नाकामा रहेको हेल्थ डेक्समा स्वास्थ्य परीक्षण पश्चात होल्डिङ सेन्टरबाट सम्बन्धित स्थानीय तहको समन्वयमा गन्तव्य तर्फ पठाईने ।

१३. कोभिड-१९ को कारण देखाई दैनिक उपभोग्य बस्तु, स्वास्थ्य सामाग्रीहरुको बजारमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी गर्ने, मूल्यबृद्धि गर्ने, म्याद सकिएका खाद्यबस्तुको रिलेबलिङ गर्ने जस्ता कानून बिपरितको कार्य गर्ने जो कोहीलाई कडा कारवाही गरी सार्वजनिक गरिनेछ ।

१४. उल्लेखित आदेशको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही हुने ।

२०७८/२/२९

राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी